बैठक सङ्ख्या : ४१
मिति : २०८२।०१।१२ गते
समय : दिनको ११:०० बजे
स्थान : पुथा उत्तरगङ्गा गाउँपालिकाको कार्यालय

आज मिति २०८२ साल वैशाख महिनाको १२ गते शुक्रबार दिनको ११:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ४१ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| नरपुरा बुढा पुन | उपाध्यक्ष |
| वीरमान कामी | १ नं. वडा अध्यक्ष |
| जगत घर्ती | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुरबहादुर वि.क. | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| संखे सेन | ६ नं. वडा अध्यक्ष |
| पूर्णा मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| कुमार सिंह | ११ नं. वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा | १४ नं. वडा अध्यक्ष |
| जानु छन्त्याल | कार्यपालिका सदस्य |
| राजकुमार सुनार | कार्यपालिका सदस्य |
| ग्वारी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |

CamScanner

| | |
|---|---|
| भार्सी बुढा | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| इनम बिएम | कावा अध्यक्ष ७ नं. वडा अध्यक्ष |
| ध्रुव वि.क. | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |
| हिंक्मत पोर्तेल | कम्प्युटर अपरेटर |

**४१ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरू :**

१. अघिल्लो बैठकको निर्णयहरूको समीक्षा तथा कार्यान्वयन सम्बन्धमा ।
२. प्रदेश समपूरक र विशेष अनुदान सम्बन्धमा
३. नियमावली र कार्यविधि अनुमोदन तथा संसोधन सम्बन्धमा ।
४. १५ शैया अस्पतालको बजेट माग सम्बन्धमा
५. तकसेरा स्वास्थ्य चौकी र राङ्सी स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा ।
६. गाउँपालिकाको सवारी साधन खरिद सम्बन्धमा ।
७. योजना कार्यान्वयन तथा अनुगमन सम्बन्धमा
८. विद्यालय मर्जर सम्बन्धमा
९. सङ्घीय समपूरक र प्रदेश समपूरक योजनाअन्तर्गतको निकासा माग सम्बन्धमा ।
१०. विविध सम्बन्धमा

**निर्णयहरू :**

१. यस गाउँ कार्यपालिकाको ४० औं कार्यपालिका बैठकमा भएका बजेट तथा योजना तर्जुमा, गाउँपालिकाको राक्श्व संकलनको अवस्था लगायत अन्य विभिन्न निर्णयहरू कार्यान्वयनको समीक्षात्मक छलफल र कार्यान्वयको लागि आवश्यक कार्य गर्नेतर्फ अग्रसर हुने निष्कर्षका साथ सदस्यहरूको गणपूरक सङ्ख्या पुगेकोले ४१ औं कार्यपालिका बैठक प्रारम्भ गरियो ।

२. पुथा उत्तरगङ्गा गाउँपालिका लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वको पनि दुर्गम पालिका हो । यस पालिकामा प्रायस भौतिक संरचनाहरु नभएकोले तपसिलका योजनाहरुमा समपूरक अनुदान र विशेल अनुदान कार्यविधि बमोजिम स्थानीय तहले बेहोर्ने बजेट बेहोर्ने प्रतिबद्धताका साथ प्रदेश समपूरक र विशेष योजनाहरु छनोट गर्ने निर्णय गरियो ।

**तपसिल**

**समपूरक योजना**

१. तकसेरा जीवीत सङ्ग्रालय निर्माण रु ७ करोड
२. ३ नं. वडा कार्यालय भवन रु २ करोड

**विशेष योजना**

१. सामुदायिक विद्यालयमा आधारभुत पूर्वाधार, अभिभावक शिक्षण, शैक्षिक सामाग्री तथा शिक्षक क्षमता विकास कार्यक्रम रु ८० लाख

३. पुथा उत्तरगङ्गा गाउँपालिकाका नागरिकको आर्थिक वैद्धि र रोजगारी सिर्जनाका निम्ति भांगोको फल र रेसा उत्पादन गर्ने हितुले भांगोजन्य पदार्थको संरक्षण तथा व्यवस्थापन ऐन गाउँसभाबाट स्वीकृत भइसकोले यसलाई कार्यन्वयन गर्नका लागि नियमावली र गाउँपालिका भित्रका बालबालिकाहरुको संरक्षण गर्न तपसिलका नियमावली तथा कार्यविधि अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. भांगो जन्य पदार्थको संरक्षण तथा व्यवस्थापन नियमावली,२०८२

२. बाल संरक्षण कार्यविधि,२०८२ (यो कार्यविधि पारित भए लगतै बालकोष सञ्चालन कार्यविधि खारेज गरियो)

४. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ११ राकुली चौर रिछिम मा निर्माणाधिन गाउँपालिका स्तरिय १५ शैया अस्पतालको ठेक्का सम्झौता बमोजिम संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हस्तान्तरण हुने बाँकी बजेट माग गर्ने निर्णय गरियो।

**विस्तृत**

१. हाल सम्म पहिलो तला ढलान भई निर्माण कार्य सुचारूमा रहेको

२ह. आ.व. २०८२।०८३ मा थप ११ करोड बजेट माग आवश्यक रहेको

५. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १० र वडा नं. १४ मा स्वास्थ्य चौकी भएता पनि आवश्यक भौतिक संरचनाको अभाव रहेकोले तपसिलका स्थानमा स्वास्थ्य चौकी भवन निर्माणको लगि संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समक्ष बजेटको मागको लागि आवश्यक कागजात सहित सिफारिस गर्ने निर्णय गरियो ।

**तपसिल**

१. राङ्सी स्वास्थ्य चौकी भवन निर्माण - वडा नं. १४

२. तकसेरा स्वास्थ्य चौकी भवन निर्माण - वडा नं. १०

६. पुथा उत्तरगङ्गा गाउँपालिकामा सवारी साधनको आवश्यक रहेको हुदाँ 4*4 बोलेर सवारी साधन खरिदका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै हुकाम स्वास्थ्य चौकीको मातहतमा सञ्चालन हुने गरि एम्बुलेन्स खरिद गर्ने निर्णय गरियो.।

७. पुथा उत्तरगङ्गा गाउँपालिका भित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकाकारको मातहतमा रहेका चालु आ.व. २०८१।०८२ को विभिन्न योजनाहरुको बारेमा पुथा उत्तरगङ्गा गाउँपालिका भौतिक विकास शाखा ले प्रस्तुत गरेको प्रतिवेदन अनुमोदन गरी ५ लाख भन्दा साना योजनाका लागि वडा समितिले र १० लाख भन्दा माथिको योजनाका लागि गाउँपालिका अनुगमन समितिले अनुगमन गरि आगामी कार्यपालिकामा अनुगन प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

ध्रुव विक
प्रमुख प्रशासकीय अधिकृत

पुनिराज घर्ति
गाउँपालिका अध्यक्ष

८. पुथा उत्तरगङ्गा गाउँपालिकाको विभिन्न स्थानमा रहेका सामुदायिक विद्यालयहरुमा मापदण्ड बमोजिम विद्यार्थी संख्या नरहेकोले शिक्षा समितिको प्रतिवेदन अनुमोदन गरी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७७ तथा पुथा उत्तरगङ्गा गाउँपालिकाको विद्यालय मर्जर तह घटुवा, तह बढुवा, प्रधानाध्यापक व्यवस्थापन तथा शिक्षक कर्मचारीहरुको आन्तरिक काज सरुवा कार्यविधि,२०८१ को परिधि भित्र रहिँ तपसिलका सामुदायिक विद्यालयहरु तह घटुवा तथा मर्जर गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | तह घटुवा/विद्यालय/मर्जर गर्ने विद्यालय | मर्जर पछि सञ्चालित हुने कक्षा | मर्जर/समायोजन वा एकीकरण गर्ने विद्यालय | मर्जर विद्यालयमा सञ्चालन हुने कक्षा | कैफीयत |
|---|---|---|---|---|---|
| १ | श्री बालकल्याण आवि उर्ज्याङ | बालविकास | श्री देउराली मावि हुकाम प्रावि तह | बालविकास देखि कक्षा १२ सम्म | |
| २ | श्री सानोभेरी आधारभुत विद्यालय खारखोला | बालविकास देखि कक्षा ५ सम्म | श्री जनसहयोग मावि रिवाङचौर | कक्षा बालविकास देखि कक्षा १० सम्म | कक्षा ६-८ मर्जर हुने |
| ३ | जनता आधारभुत विद्यालय तल्लोसेरा | बालविकास | श्री उत्तरगङ्गा आधारभुत विद्यालय सेरा वालुवा | बालविकास देखि कक्षा ८ सम्म | कक्षा १-५ मर्जर हुने |
| ४ | श्री जनजागृति आवि विद्यालय दम्चन | बालविकास | श्री जनप्रिय आवि घुम्लिबाङ | बालविकास देखि कक्षा ८ सम्म | कक्षा ६-८ मर्जर हुने |
| ५ | श्री हिमालय जनजागृति आभारभुत विद्यालय | बालविकास देखि कक्षा ५ सम्म | श्री महेन्द्र मावि तकसेरा | कक्षा ६ देखि कक्षा १२ सम्म | कक्षा ६-८ मर्जर हुने |

९ विविध सम्बन्धमा

१. पुथा उत्तरगङ्गा गाउँपालपकामा कार्यरत तपसिल कर्मचारीहरुको लुम्बिनी प्रदेश स्थानीय तह निजामाती सेवा ऐन तथा नियमावली अनुसार तह वृद्धि लागि गाउँ कार्यपालिकामा निवेदन आएको सम्पूर्ण कर्मचारीहरुको तह वृद्धि गर्ने निर्णय गरियो ।

३. पुथा उत्तरगङ्गा गाउँपालिका अन्तरगतका सम्पूर्ण वडा सदस्यहरु आफ्नो जिम्मेवारी निर्वाह गर्नका लागि पत्राचार गर्ने निर्णय गरियो ।

४. पुथा उत्तरगङ्गा गाउँपालिका भित्र आयोजनामा प्रयोग हुने नदि जन्य पदार्थको घनमिटरको आधारमा राजस्व संकलन गर्न सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो

५. लालपाटन एक्सप्लोर विल्डर्स प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र दिने निर्णय गरियो ।

६. पुथा उत्तरगङ्गा गाउँपालिका का वडा नं. ५ का कर्मदया कामी विगत केहि वर्ष देखि प्यारालाइस रोगले सताइरहेकोले र विरामीको आर्थिक अवस्था नाजुक रहेकोले बिरामीलाई रु १ लाख सहयोग उपलब्ध बनाउने निर्णय गरियो ।

७. पुथा उत्तरगङ्गा गाउँपालिका वडा १२ का वियोग बुढा ६ वर्षको उमेरमै मृगौला पिडित रहेको हुँदा विरामीलाई रु ५० हजार सहयोग उपलब्ध बनाउने निर्णय गरियो ।

८. पुथा उत्तरगङ्गा गाउँपालिकाबाट पोस्टमार्टम गर्न जिल्ला अस्पताल पुर्याउदा खर्च बढ्ने समस्यालाई मध्यनजर गरि तकसेरामा निर्माण गरिएको पोस्टमार्टम घर स्थापना गरेकोले

ध्रुव वि.क.
प्रमुख प्रशासकीय अधिकृत

पुनिराज
गाउँपालिका अध्यक्ष

CamScanner

उक्त पोस्टमार्टम घर निर्माणको खर्च प्राविधिक मूल्याङ्कन अनुसार विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

९. यस पुथा उत्तरगङ्गा गाउँपालिकामा आ.व. २०८१।०८२ का लागि सङ्घीय समपूरक र प्रदेश समपूरक तर्फ छनौट भएका तपसिलका योजनाहरूको कार्यान्वयन स्थल ढोरपाटन सिकार आरक्ष क्षेत्रभित्र पर्ने भएकोले सो योजनाहरूको EIA निर्माणमा समस्या सिर्जना भई ठेक्का प्रक्रियाबाट योजना निर्माण कार्य नगरी उपभोक्ता समितिमार्फत निर्माण गरिएको र अन्य सबै प्रक्रिया नियमानुसार भए को हुँदा उक्त योजनाहरूको रकम निकासाका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयमा आवश्यक कागजात सहित माग गर्ने ।

तपसिल :

हुकाम-काजरजङ-पेल्मा सडक निर्माण वडा नं. ५-२ - सङ्घीय समपूरक तर्फ

हुकाम-मैकोट सडक निर्माण खण्ड ग - प्रदेश समपूरक तर्फ

१०. पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. १ मैकोट स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन गर्न तालिम प्राप्त स्वास्थ्य कर्मी रहेको हुँदा उक्त स्वास्थ्य सँस्थामा सुरक्षित गर्भपतन (१० हप्ताको) सेवा सुचारु गर्ने निर्णय गरियो

CamScanner